# भानुभक्त बहुमुखी क्याम्पस

## स्वतन्त्र विद्यार्थी युनियनको नियमावली- २०८२

## भानुभक्त बहुमुखी क्याम्पस, स्वतन्त्र विद्यार्थी युनियनको नियमावली

## २०८२

**प्रस्तावना**

सर्वसुलभ तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले स्थानीय समाजसेवी, शिक्षाप्रेमी, संघसस्थाहरुको पहलमा स्थापित यस भानुभक्त बहुमुखी क्याम्पसमा स्थापनाकालदेखि नै विद्यार्थीहरुको भूमिका महत्वपूर्ण रहदै आएको सन्दर्भमा क्याम्पसको वृबृहत्तर विकासमा अझ व्यवस्थित, मर्यादित र संगठित गर्दै जानका लागि विद्यार्थीहरुको क्रियाशीलता तथा सहभागिता बढाउने हेतुले स्वतन्त्र विद्यार्थी युनियनको गठन, काम कर्तव्य र अधिकार सम्बन्धि नियमावलीको आवश्यकता महशुश भएकोले क्याम्पस नियमावली २०५४ ( छैठौं संसोधन २०६९। को नियम २९ बमोजिम भानुभक्त बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनको नियमावली २०८२ को व्यवस्था गरिएको छ ।

### परिच्छेद - १

### स्वतन्त्र विद्यार्थी युनियनको गठन र उद्देश्य

**१. नाम र प्रारम्भ** :

(क) यो विनियमको नाम "भानुभक्त बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनको नियमावली २०८२" रहनेछ। छोटकरीमा यसलाई स्व.वि.यु. र अंग्रेजीमा Free Student Union -FSU_ भनिनेछ ।

(ख) यो नियमावली क्याम्पस संचालक समितिले स्वीकृति प्रदान गरेका मितिदेखि लागु गरिने छ।

**२. स्वतन्त्र विद्यार्थी युनियनको गठन :**

यस क्याम्पसमा अध्ययन गर्ने स्नातक तहका सम्पूर्ण संकाय, तह, कार्यक्रम अन्तरगतका विद्यार्थीहरूका लागि एक स्वतन्त्र विद्यार्थी युनियन (यसपछि युनियन भनिनेछ) गठन हुनेछ ।

**३. स्वतन्त्र विद्यार्थी युनियनको उद्देश्य :**

स्वतन्त्र विद्यार्थी युनियनको उद्देश्य देहाय बमाजिम हुनेछः

(क) क्याम्पसमा विद्यार्थी हक, हितको संरक्षण र संवर्द्धनका निमित्त निरन्तर कार्यरत रहने,

(ख) विद्यार्थी समुदायको बौद्धिक र चारित्रिक विकासका लागि उपयुक्त कार्यक्रम तर्जुमा गर्ने र कार्यन्वयन गर्ने,

(ग) क्याम्पसभित्र पठनपाठनका लागि उपयुक्त वातावरण सृजना गर्ने, गराउने,

(घ) विद्यार्थीहरूमा अनुशासन कायम राख्न सहयोग पुर्‍याउने,

(ङ) विद्यार्थी शक्तिलाई बौद्धिक एवं रचनात्मक तथा अतिरिक्त क्रियाकलापमा उत्प्रेरित गराउने,

(च) क्याम्पसमा शैक्षिक तथा संस्थागत विकासका लागि सदैव क्रियाशील रहने,

(छ) तोकिएका अन्य कार्यहरू गर्ने ।

## परच्छेद - २

## स्वतन्त्र विद्यार्थी युनियनको सदस्यता, साधारण सभा र कार्यसमिति

### ४. सदस्यताः

(क) क्याम्पसमा स्नातक तहमा अध्ययनरत सप्पूर्ण विद्यार्थी स्वतन्त्र विद्यार्थी युनियनको सदस्य हुनेछन् ।

(ख) उपनियमको (१) बमोजिम युनियनमा दर्ता भएको विद्यार्थीको सदस्यता निज क्याम्पसमा नियमित रुपले अध्ययन गरुन्जेल कायम रहनेछ ।

ष स्पष्टीकरणः नियमिति विद्यार्थी भन्नाले क्याम्पसमा नियमानुसार भर्ना भई अध्ययनरत विद्यार्थी सो शैक्षिक वर्ष सत्रका लागि नियमित विद्यार्थी मानिनेछ ।

(ग) कार्यसमितिमा रहेका पदाधिकारी र सदस्य विद्यार्थीहरु जुन तह र विषयको नियमित विद्यार्थीको हैसियतमा निर्वाचित भएका हुन सोही तहको अन्तिम वर्ष सेमेष्टरको सैद्धान्तिक परिक्षा दिइ सकेपछि कार्य समितिको पदाधिकारी र सदस्य पद स्वतः समाप्त भएको मानिनेछ ।

(घ) स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा कार्यसमितिमा उम्मेदवारी दिन चाहने विद्यार्थीको उम्मेदवारी दर्ता गर्ने अन्तिम मितिसम्ममा २८ वर्ष ननाघेको हुनुपर्नेछ ।

(ङ) प्रत्येक विद्यार्थीको सदस्यता शुल्क रु ५०० हुनेछ। विद्यार्थीले भर्ना हुँदाको समयमा सो शुल्क बापतको रकम बुझाउनुपर्नेछ । विद्यमान स्व.वि.यु. को रायमा उक्त शुल्कमा परिवर्तन गर्न सकिने छ ।

### ५. साधाण सभाः

(क) युनियनको एक साधारण सभा हुनेछ । साधारण सभामा युनियनका सदस्यको रुपमा रहेका सम्बन्धित सबै विद्यार्थीहरुले भाग लिन पाउनेछन् ।

(ख) प्रत्येक वर्ष कम्तीमा एकपटक साधारण सभाको बैठक बस्नेछ। एक वर्षभन्दा वढी समयसम्म पनि साधारण सभा नबोलाएमा संरक्षकले स्व.वि.यु. लाई साधारण सभा बोलाउन निर्देशन दिनेछन ।

तर युनियनको कार्यसमितिले आवश्यक ठानेमा जुनसुकै बखत साधारण सभाको बैठक बोलाउन सक्नेछ ।

(ग) साधारण सभाका सदस्यहरुले युनियनको पदाधिकारीको वा कुनै पदका लागि उम्मेदबार हुन र मतदान दिन वा निर्वाचनमा भाग लिन पाउनेछ। निर्वाचन हुने समयमा सहभागि सदस्यहरू ने उक्त साधारणसभामा उपस्थित भएको मानिनेछ ।

(घ) साधारण सभाले कार्यसमितिलाई युनियनको नीति र कार्यकमका सम्बन्धमा निर्देशन दिन सक्नेछ ।

## ६. कार्यसमितिः

(क) क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनको एक कार्यसमिति रहनेछ । कार्यसमितिको निर्वाचन गोप्य मतदानद्धारा हुनेछ । कार्यसमितिमा देहायबमोजिन पदाधिकारी र सदस्य रहनेछन्ः

| | |
|---|---|
| ब। १) अध्यक्ष | १ जना |
| द। २) उपाध्क्ष | १ जना |
| आ। ३) सचिव | १ जना |
| म। ४) सह सचिव | १ जना |
| भ। ५) कोषाध्यक्ष | १ जना |
| ा। ६) सदस्यहरु | ६ देखि १६ जनासम्म |

(ख) कार्यसमितिको निर्वाचनमा मतदान गर्दा अध्यक्ष, सचिव र कोषाध्यक्षको मतदान एक व्यक्ति एक मतका आधारमा हुनेछ । सदस्यहरुका हकमा जम्मा निर्वाचन हुने सदस्यहरु मध्ये ५० प्रतिशत सदस्यहरुका लागि प्रत्यक्ष निर्वाचन प्रणालीबाट र बाँकी ५० प्रतिशत सदस्यहरुको निर्वाचन समानुपातिक प्रणालीबाट हुनेछ। उपाध्यक्ष र सह सचिवको निर्वाचन निर्वाचित अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरु सहितको समितिले समानुपातिक तर्फबाट निर्वाचित सदस्यहरु मध्येवाट प्रत्यक्ष निर्वाचन प्रणालीबाट गर्नेछ ।

(ग) कार्य समितिको पदावधि निर्वाचन भएको मितिले साधारणतया २ वर्षको हुनेछ । तर कुनै कारणवश निर्धारित मितिमा निर्वाचन हुन नसकेमा क्याम्पस सञ्चालक समितिको निर्णय बमोजिम वढीमा ६/६ महिनाका लागि कार्यसमितिको पदावधि संचालन थप गर्न सकिनेछ ।

(घ) स्वतन्त्र विद्यार्थी युनियनको प्रत्यक्ष निर्वाचन उम्मेदवार भएको व्यक्ति समानुपातिक तर्फबाट निर्वाचित हुन पाउने छैन ।

(ङ) क्याम्पसमा २०० सम्म विद्यार्थी संख्या भएमा पदाधिकारी सहित ११ जना, २०१ देखि १००० सम्म विद्यार्थी संख्या भएमा पदाधिकारी सहिति १५ जना, १००१ देखि ३००० सम्म विद्यार्थी संख्या

भएमा पदाधिकारी सहित १९ जना, ३००१ देखि माथि विद्यार्थी संख्या भएमा पदाधिकारी सहित २१ जनाको कार्यसमिति हुनेछ ।

(च) समानुपातिक निर्वाचनको लागि मतदान गर्दा प्रत्येक मतदाताले सम्बन्धित संघ, संगठन वा समूहको नाममा मतदान गर्नुपर्नेछ । यसरी संघ, संगठन वा समूहको नाममा प्राप्त मत प्रतिशतको आधारमा निर्वाचन समितिबाट सम्बन्धित संघ, संगठन वा समूहले प्राप्त गरेको सदस्य संख्या तोकिए पछि निर्वाचनको शिलशिलामा पेश गरेको बन्द सूचीमा उल्लेखित विद्यार्थीको नामावलीभित्र रही सम्बन्धित विद्यार्थी संघ, संगठन वा समूहको तर्फबाट निर्वाचन भएको मितिले ७ दिनभित्र निर्वाचन समितिलाई सदस्यको नाम उपलब्ध गराइसकेपछि समानुपातिकतर्फको सदस्य पदमा निर्वाचित भएको मानिनेछ । यसरी समानुपातिक तर्फ निर्वाचित भएको सदस्यको पदावधि नसकिदै कुनै कारणले पद खाली हुन आएमा बाँकी अवधिका लागि सोही प्रक्रिया अनुसार संरक्षकले पदपुर्ति गर्नेछ ।

(छ) स्वतन्त्र विद्यार्थी युनियनमा कुनै संघ, संगठन वा समूहले समानुपातिकतर्फ मात्र पनि निर्वाचनमा सहभागी हुन सक्नेछ ।

**७. गणपूरक सङ्ख्याः**

साधारण सभा र कार्य समितिको वैठकका लागि युनियनको गणपूरक सङ्ख्या देहाय बमोजिम हुनेछः

(क) साधारण सभाको गणपूरक सङ्ख्या सामान्य बहुमतलाई मानिनेछ । तर कार्यसमितिको गणपूरक सङ्ख्या भने दुईतिहाइ हुनुपर्नेछ ।

(ख) कारणवश पहिले बैठकमा कार्यसमितिको गणपूरक सङ्ख्या दुईतिहाइ नपुगेमा सोही सम्बन्धमा अर्को पटक बैठक बस्दा गणपूरक सङ्ख्या सामान्य बहुमतलाई मानिनेछ ।

**८. रिक्त पदको पूर्तिः**

रिक्त पदको पूर्ति देहाय बमोजिम हुनेछः

(क) कनै कारणवश अध्यक्षको पद रिक्त हुन आएमा उपाध्यक्षले अध्यक्षको कार्यभार संहाल्नेछन् ।

(ख) सचिवको पद रिक्त हुन आएमा सह सचिवले सचिवको कार्यभार सम्हाल्नेछन ।

(ग) अन्य पदाधिकारीहरूको पद रिक्त हुन आएमा कार्यसमितिले कार्यसमितिका सदस्यहरू मध्येवाट पदपूर्ति गर्नेछ ।

(घ) नियम १३ वमोजिम पुरै कार्यसमितिको विरुद्ध अविश्वासको प्रस्ताव परित भएमा प्रस्ताव पारित भएको ३ महिनाभित्र निर्वाचनद्वारा कार्यसमितिको गठन हुनेछ ।

(ङ) समानुपातिक तर्फबाट निर्वाचित भएका सदस्यहरु र पदाधिकारीलाई सम्बन्धित संघ, संगठन वा समूहले उचित कारण सहित उक्त पदवाट फिर्ता बोलाउन सक्नेछ। फिर्ता बोलाउने निर्णय सहितको पत्र संरक्षक समक्ष प्रस्तुत गरेपछि संरक्षकले स्व.वि.यु. कार्यसमितिवाट नाम हटाई सोही संगठनको बन्द सूचि भित्रको नाम मध्येबाट संगठनको सिफारिसमा मनोनयन गर्नेछ ।

## परिच्छेत - ३

## स्वतन्त्र विद्यार्थी युनियनको कार्यसमिति निर्वाचन तथा काम, कर्तव्य र अधिकार

### ९. कार्यसमितिको गठन प्रकृयाः

स्वतन्त्र विद्यार्थी युनियनको कार्यसमितिको गठन प्रकिया देहायबमोजिन हुनेछः

(क) युनियनको निर्वाचनका लागि क्याम्पसक प्रमुखले एक निर्वाचन अधिकृत र आवश्यकता अनुसार सहयोगीहरु समेतको एक स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन समिति गठन गर्नेछन ।

(ख) निर्वाचन अधिकृतले निर्वाचनसम्बन्धी कार्यविधि तर्जुमा गरी निर्वाचन गराउनेछन ।

(ग) कुनै पदाधिकारी वा सदस्यले पाएको मत बराबर भएमा निर्वाचन अधिकृतले गोला प्रथाद्वारा निर्णय गर्नेछ ।

(घ) निर्वाचनमा विद्याथीहरुले आफ्नो संघ, सङ्गठन, समूह वा स्वतन्त्र व्यक्तिका रुपमा उम्मेदवारी दिन सक्नेछन् ।

### १०. कार्यसमितिको काम, कर्तव्य र अधिकारः

युनियनको कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

(क) कार्यसमितिले नियम ३ मा उल्लेख भएका उद्देश्यहरुको परिपूर्तिका लागि काम गर्नेछ ।

(ख) कार्यसमितिले पदाधिकारीहरु र सदस्यहरुको काम र कर्तव्य निर्धारण गरी निर्देशिका बनाउन सक्नेछ ।

(ग) क्याम्पसले विद्यार्थी हितसंग सम्बन्धित कुनै समितिको गठन गदां त्यसका युनियनको सभापति वा निजले तोकेको कार्यसमितिको सदस्यले प्रतिनिधित्व गर्नेछ ।

### ११. बैठकको कार्यविधिः

युनियनको साधारण सभा तथा कार्य समितिको बैठकसम्बन्धि कार्यविधि देहायबमोजिम हुनेछ ।

(क) साधारण सभा तथा कार्यसमितिको बैठकको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछन ।

(ख) कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछन ।

(ग) साधारण सभाका निमित्त कम्तीमा १५ दिन र कार्यसमितिको निमित्त कम्तीमा २ दिन अगाडि छलफल हुने विषयहरुसेत उल्लेख गरी सूचना दिनुपर्नेछ ।

(घ) बैठकसम्बन्धि अन्य प्रक्रियाहरु कार्यसमितिले निर्धारण गर्नेछ ।

### १२. निर्णय

निर्णय लिने प्रक्रिया देहायबमोजिनम हुनेछः

(क) बहुमतद्वारा भएको निर्णयलाई साधारण सभा वा कार्यसमितिको निर्णय मानिनेछ ।

(ख) पक्ष-विपक्षमा मत वरावर भएमा अध्यक्षले निणायक मत दिनेछन ।

### १३. अविश्वासको प्रस्तावः

देहायको प्रक्रिया पुरा गरी यनियनको कार्यसमितिका विरुद्ध अविश्वासको प्रस्ताव प्रस्तुत गर्न सकिनेछ

(क) कुल सधारण सदस्य सङ्ख्याको २५ प्रतिशत सदस्यको हस्ताक्षर गरी कार्यसमिति बा कार्यसमितिको कुनै सदस्य वा पदाधिकारीका विरुद्ध कारण सहितको अविश्वासको प्रस्ताव युनियनको कार्यालय समक्ष पेश गर्न सकिनेछ ।

(ख) माथि खण्ड क) बमोजिम अविश्वासको प्रस्ताव दनां भएपछि त्यसको १५ दिनभित्र साधारण सभा बोलाई छलफल गराउनु पर्नेछ। कार्यसमितिले छलफल नगराएमा सोको उजुरी संरक्षक समक्ष दिन सकिनेछ ।

(ग) अविश्वासको प्रस्ताव साधारण सभाको गणपुरक संख्याको दुईतिहाइ बहुमतद्धारा अनुमोदन भएमा पारित भएको मानिनेछ ।

(घ) माथि जुनसुकै कुरा लेखिएको भए तापनि कार्य समिति गठन भएको साधारणतयाः ६ महिनासम्म कुनै किसिमको अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

### १४. आर्थिक व्यवस्थाः

युनियनको आर्थिक व्यवस्था देहाय बमोजिम हुनेछ

(क) साधारण सदस्यले बुझाएको सदस्यता शुल्क अन्यथा व्यवस्था भएमा बाहेक क्याम्पसले बुझिलिइ भर्ना समाप्त भएपछि युनियनको कार्यसमितिलाई हस्तान्तरण गर्नेछ। यसरी हस्तान्तरण गरिने रकम बार्षिक बजेटमा उल्लेख गरिनेछ ।

(ख) माथि खण्ड (क) बमोजिम प्राप्त हुन आएको रकम र कार्यसमितिले अन्य स्रोतबाट प्राप्त गरेको रकम कुनै बैंड वा वित्तीय संस्थामा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(ग) माथि खण्ड (ख) बमोजिमको खाता संञ्चालन सभापति वा निजले तोकेको कार्यसमितिका पदाधिकारी वा सदस्यहरुमध्येबाट १ जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

(घ) आम्दानी खर्चको विधिवत हिसाब राख्नुपर्नेछ। सोको नियमित लेखा परीक्षण गरी संरक्षक र साधारणसभामा प्रस्तुत गर्नुपर्नेछ। पहिलो वर्षको लेखापरिक्षण प्रतिवेदन प्राप्त नभएसम्म रकम निकासा दिन स्याम्पस वाध्य हुने छैन ।

**१५. अनुगमन समितिः**

स्व.वि.यु. निर्वाचन र कार्य बारे अनुगमन गर्नका लागि क्याम्पस सञ्चालक समितिका अध्यक्ष, प्राध्यापक संघका सभापति र सञ्चालक समितिका सदस्यहरूमध्येबाट अनुगमन समिति सञ्चालक समितिले गठन गर्नेछ ।

**१६. संरक्षकः**

(क) युनियनको संरक्षक क्याम्पस प्रमुख हुनेछन ।

(ख) कार्यसमिति वा साधारण सभाले गरेको निर्णयहरुका जानकारी अध्यक्षले संरक्षकलाई ३ दिनभित्र दिनुपर्नेछ ।

(ग) नियम ३ मा उल्लेख भएका उद्देश्यहरु पुरा गर्ने गराउने क्रममा संरक्षकले आवश्यक रायसल्लाह र सहयोग दिनेछन ।

(घ) संरक्षकले कार्यसमितिको सिफारिसमा युनियनको अध्यक्षको र कार्य समितिले अन्य पदाधिकारी तथा सदस्यहरुको राजिनामा स्वीकृत गर्नेछन ।

(ङ) संरक्षकले निर्वाचन सम्बन्धमा र स्व.वि.यु सम्बन्धमा उठेको अन्य विवादको अन्तिम निर्णय गर्नेछन ।

**१७. पुनरावेदन गर्न स**क्ने :

नियम १७ (५) बमोजिम क्याम्पस प्रमुखले गरेका निर्णयमा चित्त नबुझेमा सो उपर क्याम्पस सञ्चालक समिति वा क्याम्पस सञ्चालक समितिले तोकेको समितिले पुनरावेदन सुनी अन्तिम निर्णय गर्नेछ ।

**१८. बाधा अड्काउ फुकाउने :**

यो नियमलाई व्याख्या गर्ने अधिकार र बाधा अड्चन फुकाउने अधिकार त्रिभुवन विश्वविद्यालय संगठन तथा प्रशासत्त सम्बन्धी नियम २०५० लाई आधार मानी क्याम्पस सञ्चालक समितिलाई हुनेछ। साथै कुनै कारणबश उल्लेखित समयमा स्व.वि.यु. निर्वाचन हुन नसकेमा अघिल्लो कार्य समितिलाई निरन्तरता दिने वा नदिने सम्बन्धी निर्णय गर्ने अधिकार सञ्चालक समितिलाई हुनेछ।

**१९. बचाउ र खारेजीः**

यो विनियम स्वीकृत हुनु अघि स्ववियु सम्बन्धि भए गरेका काम कार्यवाही यसै विनियम बमोजिम भए गरेको मानिने छ।

**अनुसूची १**

**(नियम ९ संग सम्बन्धित)**

श्रीमान् संयोजकज्यू,

स्व.वि.यु निर्वाचन समिति

भानुभक्त वहुमुखी क्याम्पस ।

विषयः उम्मेदवारी सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस क्याम्पसमा मिति २० / / गते हुन गैरहेको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा.................................................संघ/संगठन/समूह/स्वतन्त्रको तर्फबाट ................ पदमा उम्मेदवार दिन चाहेको हुंदा यो दरखास्त दिन आएको छु। निर्वाचन प्रवन्ध समितिले तोकेको दस्तुर समेत यसै साथ संलग्न गरिएको छ ।

उम्मेदवारको विवरण :

(१) नाम, थरः

(२) संकाय :

(३। तह/वर्षः

(४) रोल्नं ।

(५) मतदाता क्रमसंख्याः ...................

उम्मेदवारको हस्ताक्षर

माथि लेखिएका श्री........................................लाई हामीहरू स्व.वि.यु.को ...............पदमा प्रस्तव एवं समर्थन गर्दछौं ।

| | |
|---|---|
| प्रस्तावक | समर्थक |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम, थर : | नाम, थर : |
| संकायः | संकाय |
| तह/वर्षः | तह/वर्षः |
| रोल्नंः | रोल्न |
| मतदाता क्रमसंख्याः | मतदाता क्रमसंख्याः |

**अनुसुची २**

**(नियम ९ संग सम्बन्धित)**

श्रीमान् संयोजकज्यू,

स्ववियु निर्वाचन समिति

भानुभक्त बहुमुखी क्याम्पस ।

विषयः समानुपातिक तर्फको शिलबन्दी नामावली दाखिला सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस क्याम्पसमा मिति २०   /   /   गते हुन गैरहेको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा .................................................... संघ/संगठन/समूहको तर्फबाट समानुपातिक तर्फका उम्मेदवारहरुको निम्नानुसार शिलबन्दी नामावली दाखिला गरिएको छ। निर्वाचन समितिले तोकेको दस्तुर समेत यसै साथ संलग्न गरिएको छ।

समानुपातिक तर्फका उम्मेदवारको विवरणः

| क.सं. | उम्मेदवारको नाम, थर | संकाय, तह, वर्ष | रो.नं. | मतदाता क.सं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

संघ/संगठन समूहको नामः

प्रमुखको नाम र हस्ताक्षर :

छापः

**अनुसुची ३**

**(नियम ९ संग सम्बन्धित)**

**भानुभक्त बहुमुखी क्याम्पस**

**स्वतन्त्र विद्यार्थी युनियन**

**प्रत्यक्ष निर्वाचन मतपत्र**

क्र.सं.:

नाम, थरः

संकायः तह/वर्षः

मतदाता क्रमसंख्याः

हस्ताक्षरः रोल्नः

....................................................................................................................................

**भानुभक्त बहुमुखी क्याम्पस**

**स्वतन्त्र विद्यार्थी युनियन**

**प्रत्यक्ष निर्वाचन मतपत्र**

आफूले रोजेको उम्मेदवारको नाम पछाडिको कोठामा ठिक चिन्ह लगाउनुहोस् ।

| संघ/संगठन/समूह/स्वतन्त्र | चिन्ह | संघ/संगठन/समूह/स्वतन्त्र | चिन्ह | संघ/संगठन/समूह/स्वतन्त्र | चिन्ह |
|---|---|---|---|---|---|
| अध्यक्ष | | अध्यक्ष | | अध्यक्ष | |
| उपाध्यक्ष | | उपाध्यक्ष | | उपाध्यक्ष | |
| सचिव | | सचिव | | सचिव | |
| कोषाध्यक्ष | | कोषाध्यक्ष | | कोषाध्यक्ष | |
| सदस्य | | सदस्य | | सदस्य | |
| सदस्य | | सदस्य | | सदस्य | |
| सदस्य | | सदस्य | | सदस्य | |

(संयोजक)

निर्वाचन समिति

**अनुसुची ४**

**(नियम ९ संग सम्बन्धित)**

**भानुभक्त बहुमुखी क्याम्पस**

**स्वतन्त्र विद्यार्थी युनियन**

**समानुपातिक निर्वाचन मतपत्र**

क्र.सं.:

नाम, थरः

संकायः तह/वर्षः

मतदाता क्रमसंख्याः

हस्ताक्षरः रोल्नः

........................................................................................................................................

**भानुभक्त बहुमुखी क्याम्पस**

**स्वतन्त्र विद्यार्थी युनियन**

**समानुपातिक निर्वाचन मतपत्र**

आफूले रोजेको समुहको नाम पछाडिको कोठामा ठिक चिन्ह लगाउनुहोस् ।

| संघ/संगठन/समूह/स्वतन्त्र | चिन्ह | संघ/संगठन/समूह/स्वतन्त्र | चिन्ह | संघ/संगठन/समूह/स्वतन्त्र | चिन्ह |
|---|---|---|---|---|---|
| | | | | | |

(संयोजक)

निर्वाचन समिति

**अनुसुची ५**

**(नियम ९ संग सम्बन्धित)**

**भानुभक्त बहुमुखी क्याम्पस**

**स्वतन्त्र विद्याथी युनियन**

**शपथ**

म ...................................................... मेरो ब्रम्हलाई साक्षी राखी सत्य र निष्ठाका साथ **भानुभक्त बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन**को ............................. पदको हैसियतले प्रचलित कानून, क्याम्पसको नियमावली एवं स्ववियु नियमावलीको अधिनमा रहि क्याम्पस र युनियनको सर्वोपरी हित शिरोधार्य गर्दै व्यक्तिगत स्वार्थ भन्दा माथी उठि, मैले आफ्नो योग्यता र क्षमताले भ्याएसम्म आफ्नो जिम्माको काम इमान्दारिताका साथ निर्वाह गर्नेछु। कानूनले बाध्य गराएको अवस्थामा बाहेक क्याम्पस र युनियनको हित प्रतिकुल हुने गरी प्रकाश गर्न नहुने कुरा म पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि गोप्य राख्ने छु भनी यो शपथ लिएको छु ।

**सपथ लिनेको**

दस्तखतः

नाम, थरः

पदः

मितिः

**प्रमाणित गर्नेको**

दस्तखत :

नाम, थरः

पदः

मितिः

**अनुसुची ६**

**स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन समिति २०...**

**भानुभक्त बहुमुखी क्याम्पस शुक्लागण्डकी- ५, बेलचौतारा, तनहुँ**

## प्रमाण पत्र

यस भानुभक्त बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनको मिति.............................. मा भएको निर्वाचनमा .......................... संकाय..................... तह.................वर्ष, ................रोल नं. मा अध्ययनरत तपाई श्री .................................................. प्यानल/स्वतन्त्र तर्फबाट ..................... पदमा प्रत्यक्ष/समानुपातिक निर्वाचन तर्फ निर्विरोध निर्वाचित हुनु भएकोले बधाइका साथ यो प्रमाणपत्र प्रदान गरिएको छ।

इंतिसम्बत २०  साल  महिना  गते रोज  शुभम्।

| | | |
|---|---|---|
| ....................... | .......................... | ..................... |
| क्याम्पस प्रमुख | प्रमुख अतिथि | संयोजक<br>निर्वाचन समिति |

**अनुसुची ५**

**(नियम ९ संग सम्बन्धित)**

**भानुभक्त बहुमुखी क्याम्पस**

**स्वतन्त्र विद्याथी युनियन**

**<u>छाप</u>**

षटकोण भित्र बिचमा खुलेको किताब र सो को तल Estd. 2082 लेखिएको , षटकोणका ६ वटा कोणमध्ये माथिको ३ वटा कोणमा स्व. वि. यु. र तलको ३ वटा कोणमा B M C लेखिएको तथा षटकोणको बाहिरगोलाकार माथि स्वतन्त्र विद्याथी युनियन- २०८२ र तल भानुभक्त बहुमुखी क्याम्पस, बेलचौतारा लेखेको निम्न नमुना अनुसारको स्वतन्त्र विद्याथी युनियन को छाप हुनेछ ।



स्वतन्त्र विद्यार्थी युनियन नियमावली निर्माण उप-समिति